# दोर्दी-१ जलविद्युत खबर



माउन्टेन इन्फ्रा कम्पनी प्रा. लि.को निर्माणाधीन क्याम्प हाउस

माघ २०७४, अंक १४

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको सुरुङ्ग निर्माण कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले आयोजना स्थलमा कर्मचारी आवास, स्टोर लगाएत विद्युतीय उर्जाको लागि आवश्यक संरचनाको निर्माण कार्य गरिरहेको छ । यसै गरी यस कम्पनीले Excavator, Crusher, Loader जस्ता निर्माण कार्यका लागि आवश्यक सामान र मेसिनहरु साइटमा लगिसकेको छ । सुरुङ्ग निर्माण स्थल वरपरको क्षेत्र सम्याउने कार्य सम्पन्न भइसकेको छ । यस्तै, सुरुङ्ग निर्माणका लागि आवश्यक विद्युतीय उर्जाको स्वीकृति लिई ट्रान्सफर्मर समेत साइटमा लगिसकेको छ ।




आवश्यक विद्युतीय उर्जाको लागि ल्याइएको ट्रान्सफर्मर



माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडको निर्माणाधीन कर्मचारी आवास गृह

फाल्गुन पहिलो हप्तासम्म ट्रान्सफर्मर जडान गरी आवश्यक विद्युतीय उर्जा नेपाल विद्युत प्राधिकरणको वितरण लाइनबाट प्राप्त गर्न सकिने छ । Tunnel works को पर्यवेक्षण र अनुगमनका लागि वरिष्ठ भूगर्भशास्त्री नारायण गोपाल घिमिरेसँग माघ १७, २०७४ मा सम्झौता गरिएको छ । यस आयोजनामा विद्युत उत्पादनका लागि चाहिने जेनेरेटर, टर्वाइन लगायतका इलेक्ट्रोमेकानिकल सामाग्री खरिदका लागि इलेक्ट्रोमेकानिकल ठेकेदारहरुसँग प्राविधिक छलफल भइरहेको छ ।



दोर्दी-१ जलविद्युत आयोजनाको हेडवर्कस क्षेत्र



दोर्दी-१ जलविद्युत आयोजनाको हेडवर्कस क्षेत्रमा भइरहेको कार्यको दृष्य

साथै सिभिल निर्माण कार्य र हाईड्रो मेकानिकल कार्यका लागि विभिन्न निर्माण कम्पनीबाट बोलपत्रहरु प्राप्त गरी आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक मुल्याङ्कन भइरहेको छ । यस कम्पनीले दोर्दी-१ जलविद्युत आयोजनाको हेडवर्कसको सिभिल निर्माण कार्य गर्नका लागि गरिनुपर्ने ठेक्का सम्झौता निकट भविष्यमानै गर्ने लक्ष्य राखेको छ । आयोजनाका लागि खरिद गरिएका सम्पूर्ण जग्गाहरु बैङ्कमा धितो राख्ने कार्य पनि सम्पन्न भइसकेको छ ।

दोर्दी -१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि नेपाल विद्युत प्राधिकरण द्वारा बनाउनुपर्ने दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुर सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइरहेको छ । यस आयोजनाले स्थानिय प्रशासन र स्थानिय बासिन्दाहरुबाट आयोजना निर्माण प्रक्रियामा निरन्तर साथ र सहयोग प्राप्त गरिरहेको छ ।


**सम्पादक: पार्वती पराजुली**
**दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड**
**त्रिपुरेश्वर ,काठमाडौं**
**फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,**
**ईमेल :info @dordikhola.com.np**
**वेबसाइट: www.dordikhola.com.np**